CAREERINDIA

# नेपाली

# NEPALI

## CLASS XII

अधिकतम अंकः 100

Maximum Marks: 100

## खण्ड - एक

1.(क) गण भनेको के हो छन्द शास्त्रमा कतिवटा गण छन्? 2

(ख) छन्द कति प्रकारका छन्, के के? 2

(ग) श्लेष अलङ्कारको उदाहरणसहित परिभाषा लेख्नुहोस्। 4

(घ) "घनघोर निलो गहिरो भवको
दहदेखि कहालिन यो मनगो
धनमा जनमा अनि यौवनमा
सब भान बुझी मन यो कुडियो।"

उक्त पंक्ति कुन छन्दमा पर्दछ? छन्द निरूपण गरेर देखाउनुहोस्। 4

## खण्ड – दुइ

2. नशालु पदार्थको सेवनदेखि टाढो बस्नु भन्ने जनाउँदै शहरमा पढ्न बसेका भाइलाई एउटा पत्र लेख्नुहोस्। 5

3. निम्न विषयहरूमध्ये कुनै एक माथि लगभग २५० शब्दसम्मको निबन्ध लेख्नुहोस्। 10

मानव जीवनमा शिक्षाको उपयोगिता

**अथवा**

निशुल्क शिक्षाको प्रभाव र परिणाम

## खण्ड - तीन

4.(क) "पुल्ठोको अस्थिर शिखाभित्र त्यसको घाम पानीले डढेको अनुहार विकराल देखिन्थ्यो।"

(i) उपर्युक्त गद्यमा कसको वर्णन गरिएको हो? 1

(ii) पाठको र लेखकको नाउँ लेख्नुहोस्। 2

(iii) उसको अनुहार के कारणले गर्दा विकराल देखिन्थ्यो? 3

(ख) "रानु कोइला खानी जस्तै नराम्री थिइन् त्यसैले उनीभित्र हीराभन्दा उज्ज्वल सौन्दर्यको प्रकाश थियो" उक्त वाक्यको भाव बुझाएर लेख्नुहोस्। 5

(ग) समाधानको खोजी पाठमा दिन खोजेको सन्देश के हो? 4

www.careerindia.com

CAREERINDIA

5.(क) पहिला अंग्रेजी भाषा पढ्न र बोल्न ज्यादा रूचाउने लक्ष्मीप्रसाद देवकोटाले अन्तमा अंग्रेजी भाषालाई किन हेय दृष्टिले हेरे? 4

(ख) विभिन्न विद्वानहरूका विचारमा सपनालाई कसरी परिभाषित गरिएको छ? 3

(ग) कुखुरी काँ निबन्धका माध्यमबाट भन्न खोजेका कुराहरू विस्तारपूर्वक लेख्नुहोस्। 3

6.(क) सप्रसङ्ग व्याख्या गर्नुहोस्। 5

(अ) "चिरिन्छन् जल धाराले नलिनी पत्र चर्चरी
दुर्वाच्य वाण वर्षाले साधुको हृदयै सरी।"

**अथवा**

"ठण्डीको डरले सेतो मण्डलीमा नै गुटूमुटू
नीदले पृथवी देवी बनी छन् कि लुटूपुटू।"

(ख) "लडाउँदै मुढा-ढुङ्गा खहरे गड्गडाउँछ
छोटो मानिस मौकामा ज्यादा जोश बढाउँछ।"

(i) उक्त पंक्ति कुन ऋतुबाट निकालिएको हो? 1

(ii) माथिको पंक्ति साहित्यको कुन विधामा पर्छ 1

(iii) उक्त भनाइलाई विस्तार गरेर लेख्नुहोस् 3

7.(क) "यो एउटा आगोको फिलिङ्गो हो त्यसलाई उधेड्ने निभाउने उद्देश्यले नै मैले उसको लेखनी तहस् नहस् पारेको हूँ।"

(i) उक्त पाठको शीर्षक र रचनाकारको नाम लेख्नुहोस्। 1

(ii) उद्धृत वाक्यमा आगोको फिलिङ्गो भनेर कसले कसलाई भनेको हो? 2

(ख) दान योगदान नाटकमा नारी कलाकारलाई कसरी प्रोत्साहान दिइएको छ? 3

(ग) नाटकको सफलता र असफलता परीक्षण गर्न सकिन्छ? तर्क पूर्ण उत्तर लेख्नुहोस्। 4

8. (क) हट्टाबहार भनेको के हो? जुनेली रेखा उपन्यासमा कसले किन हट्टा बाहर हुनुपरेको थियो? 5

(ख) उपन्यासको अन्तमा यस उपन्यासका पात्र-पात्राको मिलन कसरी भयो? विस्तारसँग लेख्नुहोस्। 5

9. (क) बालकृष्ण समले साहित्यको कुन विधामा प्रसिद्धि पाए? उनका कुनै दुइ प्रख्यात कृतिका नाउँ लेख्नुहोस। 2

(ख) लेखनाथ पौड्याल किन अनि कुन उपाधिले विभुषित भए? 3

(ग) भारतेली नेपाली साहित्यमा रामकृष्ण शर्माको प्रमुख विधाबारे चर्चा गर्नुहोस्? 3

www.careerindia.com

10. (क) कथा र उपन्यासमा के फरक छ? 3

(ख) नेपाली उपन्यासको प्रारम्भिक कालमा कस्ता कस्ता उपन्यासहरू देखा परेका थिए? ती उपन्यासहरूमा कुन कुन भाषाको प्रभाव परेको थियो? 4

(ग) राणा कालमा किन नेपाली उपन्यासले फस्टाउने मौका पाएन? 3

www.careerindia.com